# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

२९ माघ, २०७९

### चिकित्सकमाथि दुर्व्यवहार गर्नेलाई कारवाहीको दायरामा ल्याऊ ।

### आयोगद्वारा घटनाको अनुगमन

मिति २०७९ माघ २७ गते संसदको दुवै सदनको संयुक्त वैठकलाई संवोधन गर्न सम्माननीय राष्ट्रपति शीतल निवासबाट संसद भवन नयाँवानेश्वर जाने/आउने क्रममा सुरक्षाकर्मीले सो रुटमा सवारी साधन रोक्दा बाटोमा घण्टौं ट्राफिक जाम भई सर्वसाधारणले कष्ट व्यहोर्नु परेको, एम्बुलेन्सहरु समेत ट्राफिक जाममा पर्दा बिरामीहरु समयमै अस्पताल पुग्न नसकेको, बिरामीको उपचारका लागि अस्पताल जान लागेका चिकित्सकहरुमाथि समेत सुरक्षाकर्मीबाट हातपात र दुर्व्यवहार भएको र चिकित्सकमाथि हातपात भएको घटनालाई लिएर चिकित्सकहरुले अस्पतालहरुमा उपचार सेवा बन्द गर्दा हजारौं बिरामीहरु उपचार सेवाबाट वञ्चित हुनु परेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले उक्त घटनाको अनुगमन गरेको छ ।

राज्यका विशिष्ट व्यक्तिको सवारीमा उचित सुरक्षा प्रबन्ध गर्नु सुरक्षा निकायको दायित्व हो । तर विशिष्ट व्यक्तिको सुरक्षा प्रबन्ध गर्दा बिरामी, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, आम सर्वसाधारण र उनीहरुले प्राप्त गर्ने सेवाप्रवाह भने प्रभावित हुनु हुँदैन । यसले नागरिकको स्वास्थ्य सम्बन्धी हक, स्वतन्त्रपूर्वक आवतजावत गर्न पाउने हक र समानताको हक समेत प्रभावित हुन जान्छ ।

अतः विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा समयसापेक्ष परिमार्जन गरी सवारी सुरक्षालाई चुस्त बनाउन, विशिष्ट व्यक्तिको सवारीका बेला आम सर्वसाधारणलाई पर्न सक्ने प्रभाव बारे गम्भीर बन्न, घाइते चिकित्सकहरुको प्रभावकारी उपचारको व्यवस्था गर्न तथा उक्त घटनाको छानविन गरी चिकित्सकमाथि हातपात र दुर्व्यवहार गर्ने तथा निर्देशन दिने सुरक्षाकर्मीमाथि कारवाही गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, प्रहरी अनुसन्धानका क्रममा गरिने स्वास्थ्य परीक्षण समयमै नगर्दा प्रमाण लोप समेत हुन सक्ने र समयमै उपचार नहुँदा गम्भीर प्रकृतिका बिरामीहरुको स्वास्थ समेत जोखिममा पर्ने हुँदा स्वास्थ सेवा जस्तो अत्यावश्यक सेवा बन्द नगर्न आयोग सम्पूर्ण चिकित्सकहरुलाई आग्रह गर्दछ ।

............
डा. टीकाराम पोखरेल
(सहसचिव)
प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org